

# ६ केवल सृष्टिकर्ता परमेश्वरको मात्र उपासना गर

*<u>यस अध्यायका मूल पदहरू:</u>* भजन ११५:१-८, व्यवस्था १०:१७-२२, भजन १०१:१, यशैया १:१०-१७, यशैया ५८ र मर्कूस १२:३८-४०।

***<u>यस अध्यायको मूल सार पद:</u>*** **"६ अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड्चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु, नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट वा आफूबाटै नलुक्नु, होइन र? (यशैया ५८:६-७ रूपान्तरित)।**

गरिब, निमुखा, पिछडिएका, पिडित, शोषित, अन्याय र अत्याचारमा परेका, दवाइएका, जातभातको नाउँमा हेपिएकाहरूलाई गरिने दुर्व्यवहारको बिरुद्धमा चर्को आवाज उठाउन पुरानो करारका अगमवक्ताहरू सक्रिए थिए भनेर पुरानो करारको पुस्तकलाई सरसर्ती हेरियो भने थाहा पाइन्छ। आफ्ना वरिपरि रहेका जीवित सनातन सृष्टिकर्ता परमेश्वरप्रति आस्था नराख्ने राष्ट्रका मानिसहरूको जुन व्यवहार थियो त्यसलाई देखेर परमेश्वरले र उहाँका अगमवक्ताहरू तिनीहरूप्रति अत्यन्तै क्रोधको वर्षा वर्षाउनुभएको थियो (आमोस १,२मा त्यस मामिलामा केही उदाहरणहरू दिइएका छन्)। परमेश्वरप्रति आस्था तथा विश्वास नराख्नेले जे गरे त्यसप्रति व्यक्त गरिएको आक्रोस त आफ्नै ठाउँमा छ तर परमेश्वरका जनहरू भनाउँदाहरूले नैं (मानौं वर्तमान परिप्रेक्ष्यमा इसाईहरू) जुन

अधर्म र असभ्यता आफूभन्दा कमजोरमाथि देखाए र त्यसप्रति तिनीहरूप्रति परमेश्वर र उहाँका अगमवक्ताहरूले ठूलो अफसोच व्यक्त गरेका थिए र रिस पनि पोखाएका थिए। परमेश्वरका जनहरूले उहाँका आशिषहरू

प्रसस्तमात्रामा पाएका थिए तर तिनीहरूलाई आफूहरूमामात्र राखेका थिए र अरूलाई वेवास्ता गरेका थिए। ती इस्राएलीहरू आफ्नो इतिहासतिर फर्किनुपर्थ्यो, परमेश्वरले दिनुभएका विभिन्न विधिविधानहरूप्रति कृतज्ञ हुनुपर्थ्यो र कुन असल, न्यायोचित, उचित र धर्मी हो सो थाहा पाएर सही बाटोमा हिंड्नुपर्थ्यो सो थाहा पाएर चल्नुपर्थ्यो। तर दुर्भाग्यवस, प्रायजसो ती इस्राएलीहरू परमेश्वरको चाहनामा चलेका थिएनन् जसले गर्दा तिनीहरूको पतित र दुःखद अवस्थाको वर्णन गरि अगमवक्ताहरूले चर्को आवाज उठाउन बाध्य हुनुपरेको थियो। पुरानो करारका अगमवक्ताहरूले उठाएका न्याय र अन्यायका धेरै महत्त्वपूर्ण र प्रचलित आवाजहरू मानिसहरूका धार्मिक तथा आराधनाका क्रियाकलापहरूको परिवेशमा उठाएका थिए भन्ने कुरा पत्ता लगाउनु उत्सुकता जगाउने खालका छन्। परमेश्वरलाई गरिने सत्य उपासना वा आराधना केवल औपचारिकता पूरा गर्न धार्मिक विधिहरू पालन गरेरमात्र देखाउने कुरा होइन भनेर हामी यस अध्यायमा हेर्नेछौं। यदि हामी सत्य परमेश्वरप्रति निष्ठावान भएर उहाँको पूजा इमान्दारितासाथ गर्छौं वा उपासना गर्छौं भने अरूको हितप्रति देखाउनुभएको परमेश्वरको चासोलाई आत्मसात् गर्नैपर्छ र विर्सिएका, दविएका, पिछडिएका, हेपिएका, दरिद्र आदिहरूको उत्थान गर्न प्रयत्नशील भइनै रहनुपर्छ। परमेश्वरको चाहना अनुसार हाम्रो जीवनशैली ढाल्नु नै सत्य उपासना हो।

## १. मूर्तीपूजा र उत्पिडन अर्थात् दमन

परमेश्वरको अगुवाइमा इस्राएलीहरू मिश्रदेशबाट फर्केको केही समयमा नै उहाँले तिनीहरूसँग सिनैको पहाडमा भेट्नुभएको थियो। उहाँले तिनीहरूलाई दश आज्ञाहरू दिएर सम्बोधन गर्नुभएको थियो र ती आज्ञाहरू पत्थरको पाटीमा आफ्नै हातले लेखेर मोशा मार्फत तिनीहरूलाई दिनुभएको थियो। ती दश आज्ञाहरूमा प्रथम् दुई आज्ञाहरूमा उहाँबाहेक अरू कुनै देवीदेवताहरूको पूजा नगर्नु र आफ्नै हातले खोपी मूर्ती बनाएर "हामीहरूको परमेश्वर यही हो" भनेर पूजा गरि उहाँको अपमान गर्न नहुने आदेश लेखिएको थियो (प्रस्थान् २०:१-६ "१ अनि यी सब कुरा परमेश्वरले भन्नुभयोः २ "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रदेश, अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ। ३ "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू। ४ "आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि

आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू।

५ तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, ६ तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि म कृपा गर्नेछु")। त्यसको प्रत्युत्तरमा तिनीहरूले परमेश्वरले भन्नुभएको सबै कुरा पालन गर्न बाचा बाँधे ( प्रस्थान २०:१-१४ "१ फेरि उहाँले मोशालाई भन्नुभयो, "तिमी, हारून, नादाब, अबीहू र इस्राएलका धर्म-गुरुहरूमध्ये सत्तरी जना परमप्रभुकहाँ माथि उक्लेर आओ, र टाढैबाट आफ्नो भक्ति चढ़ाओ। २ तर मोशा मात्र परमप्रभुकहाँ आओस्, अरूहरूचाहिँ नजिक नआऊन्। मानिसहरू पनि त्योसित माथि उक्लेर नआऊन्।" ३ जब मोशाले गएर परमप्रभुका सबै कुरा र विधिविधानहरू मानिसहरूलाई सुनाए, तब तिनीहरू सबैले एकै सोर गरी भने, "परमप्रभुले भन्नुभएका सबै वचनहरू हामी पालन गर्नेछौं।" ४ तब मोशाले परमप्रभुका सबै वचनहरू लेखे।

बिहान सबेरै उठेर मोशाले पर्वतको पल्लो छेउमा एउटा वेदी बनाएर इस्राएलका बाह्र कुलअनुसार बाह्र वटा ढुङ्गाका खम्बा उभ्याए। ५ तब तिनले इस्राएलका जवानहरूलाई पठाए, र तिनीहरूले परमप्रभुको निम्ति होमबलि र साढ़ेहरूको मेलबलि चढ़ाए। ६ मोशाले आधा रगत लिएर कचौरामा हाले, र आधा रगतचाहिँ वेदीमा छर्के। ७ त्यसपछि तिनले करारको पुस्तक लिएर मानिसहरूका सामुन्ने पढ़े। तिनीहरूले जवाफ दिए, "परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी हुनेछौं।" ८ तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, "हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ।" ९ त्यसपछि मोशा, हारून, नादाब, अबीहू र इस्राएलका धर्म-गुरुहरूमध्ये सत्तरी जना माथि उक्ले, १० र इस्राएलका परमेश्वरलाई देखे। उहाँका खुट्टामुनि नीरले छापेको, आकाशजस्तै सफा भएको पेटीजस्तो थियो। ११ तर उहाँले इस्राएलीहरूका नाइकेहरूका विरुद्धमा आफ्नो हात उठाउनुभएन, र तिनीहरूले परमेश्वरलाई देखे र खानपान गरे। १२ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "पर्वतमाथि मकहाँ आएर यहाँ बस्। तिमीले तिनीहरूलाई सिकाउनलाई मैले

लेखेका व्यवस्था र आज्ञाहरूका शिला-पाटीहरू तिमीलाई दिनेछु।" १३ तब मोशा र तिनका सेवक यहोशू उठेर परमेश्वरको पर्वतमा गए। १४ मोशाले धर्म-गुरुहरूलाई भने, "हामी तिमीहरूकहाँ नआउञ्जेल तिमीहरू यहीँ हामीहरूलाई पर्ख। हारून र हूर तिमीहरूसँग छन्। कसैको केही विवाद भए तिनीहरूकहाँ जाऊन्।"

तर जब मोशा पहाडमा उक्लेर गएको झण्डै छ हप्ता बित्दा पनि उनी फर्केर नआएपछि मानिसहरू आत्तिन थाले र आरोनसँग कचकच गर्न थाले। तिनीहरूले मोशाको सट्टा अर्को अगुवा चाहियो भनेर माग गर्न थाले। मोशाको अनुपस्थितिमा तिनीहरूले हारुनलाई आफ्नो अगुवा स्वीकार गर्न चाहेनन्। हारुन पनि के गरुँ के गरुँ भएर आत्तिँदै सबैसँग तिनीहरूको सुनका गहनाहरू मागे र आगोमा पगालेर सुनको बाछो बनाए। "ल, अब तिमीहरूलाई अगुवाइ गर्ने भगवान यी नै हुन्" भनेर मानिसहरूको सामु राखि दिए। मानिसहरू खुशी भएर त्यसको सामु तिनीहरूले होमबली र पशुबली चढाए। तिनीहरू जाँड रक्सीले मातेर नाचगान र उत्ताउलो भएर मोजमज्जामा डुब्न थाले (प्रस्थान ३२:६)। परमेश्वर र मोशा तिनीहरूको चर्तिकलादेखि वाक्क भए। परमेश्वरसँग बाचा बाँधेको छोटो समयमा नै तिनीहरू परमेश्वरबाट तर्केर गए र मिश्रदेशमा पूजा गरिने गाइको बाछोलाई परमेश्वर भनेर पूजा गर्न थाले। परमेश्वरले तिनीहरू सबैलाई तुरन्तै दण्ड दिन चाहनुभएको थियो तर तिनीहरूले पाउनुपर्ने दण्डबाट बचाउन मोशाले परमेश्वरसँग बिन्ति गरे ( प्रस्थान ३२:३०-३४ "३० भोलिपल्ट मोशाले मानिसहरूलाई भने, "तिमीहरूले ठूलो पाप गरेका छौ। तर अब म परमप्रभुकहाँ उक्लेर जानेछु। शायद तिमीहरूको यो पापको निम्ति म प्रायश्चित गर्न सक्छु होला।" ३१ अनि मोशाले परमप्रभुकहाँ फर्किगएर यसो भने, "हाय! " यी मानिसहरूले कस्तो ठूलो पाप गरेका छन्! तिनीहरूले आफ्ना निम्ति सुनका देवताहरू बनाएका छन्। ३२ तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला" हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्।३३ तब परमप्रभुले मोशालाई भन्नुभयो, "जसले मेरो विरुद्धमा पाप गरेको छ, त्यसलाई नै म आफ्नो पुस्तकबाट मेटिदिनेछु। ३४ अब जाऊ, मैले तिमीलाई भनेको स्थानमा मानिसहरूलाई अगुवाइ गरेर लैजाऊ, र मेरा दूत तिम्रो अगिअगि जानेछन्,

तापनि तिनीहरूलाई सजाय दिने समय आएपछि म तिनीहरूको पापको दण्ड दिनेछु")।

आफ्नै हातले मूर्ती बनाएर "हाम्रो परमेश्वर यही हो" भनेर पूजा गर्ने बानी परमेश्वरका जनहरूमा बारम्बार देखा परेको थियो। इस्राएल र यहूदाका कतिपय राजाहरूको इतिहासमा मूर्ती पूजाको बिगिबिगि चलेको कुरा लेखिएको छ। ती देवीदेवताहरूको पूजा गर्ने कतिपय संस्कारहरू वाक्क लाग्दो, निर्लज्ज र दिक्क लाग्दो थियो। बालकहरूलाई नरबली दिने धर्म पनि भित्रिएको थियो। आफ्ना जनहरू त्यस्तो घृणित क्रियाकलापमा संलग्न भएका र उहाँप्रति गरेको विश्वासघातबाट फर्काउन परमेश्वरले अगमवक्ताहरूलाई बारम्बार पठाउनुभएको थियो। ती अगमवक्ताहरूले मानिसहरूलाई पुनर्जागरण र सुधार गर्न आवाज उठाएका थिए। ती आवाजहरूमा गरिब, दविएका, पिडित, खाँचोमा र आवश्यक परेकाहरूप्रति पनि न्यायोचित व्यवहार गर्न लगाइएको थियो।

**भजन ११५मा लेखकले के निर्णायक विषयवस्तुलाई औंल्याइएका छन्? हेर्नुहोस्: "१ हाम्रो होइन, हे परमप्रभु, हाम्रो होइन, तर तपाईंको करुणा र विश्वसनीयताको खातिर तपाईंको आफ्नै नाउँको महिमा होस्। २ जातिहरूले किन यसो भन्छन्, "तिनीहरूका परमेश्वर कहाँ छन्? ३ हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ, उहाँले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ। ४ तर तिनीहरूका मूर्तिहरू मानिसहरूका हातले कुँदिएका, सुन र चाँदीका कलाहरू मात्र हुन्। ५ तिनीहरूका मुख छन्, तर बोल्न सक्दैनन्। आँखा छन्, तर देख्न सक्दैनन्। ६ कान छन्, तर सुन्न सक्दैनन्। नाक छन्, तर सुँघ्न सक्दैनन्। ७ हात छन्, तर छाम्न सक्दैनन्। खुट्टा छन्, तर हिंड्न सक्दैनन्। तिनीहरू आफ्ना गलाबाट कुनै आवाजै निकाल्न सक्दैनन्। ८ तिनीहरूलाई बनाउनेहरू पनि तिनीहरूजस्तै हुनेछन्। र तिनीहरूमाथि भरोसा राख्नेहरू पनि सबै उस्तै हुनेछन्। ९ हे इस्राएलको घराना, तिमीले परमप्रभुमा भरोसा राखः तिनीहरूका सहायक र ढाल उहाँ नै हुनुहुन्छ। १० हे हारूनको वंश, परमेश्वरमा भरोसा राख्ः तिनीहरूका सहायक र ढाल उहाँ नै हुनुहुन्छ। ११ तिमीहरू, जो परमप्रभुको भय मान्छौ, उहाँमा भरोसा राखः तिनीहरूका सहायक र ढाल उहाँ नै हुनुहुन्छ। १२ परमप्रभुले हामीलाई सम्झनुहुन्छ, र हामीलाई आशीर्वाद दिनुहुनेछ। उहाँले इस्राएलको घरानालाई आशीर्वाद दिनुहुनेछ, उहाँले हारूनको वंशलाई आशीर्वाद दिनुहुनेछ। १३ ठूला र साना दुवै परमप्रभुका भय मान्नेहरूलाई उहाँले आशीर्वाद दिनुहुनेछ। १४ परमप्रभुले तिमीहरूलाई वृद्धि**

**गरून्, तिमीहरू र तिमीहरूका सन्तानलाई। १५ स्वर्ग र पृथ्वी सृजनुहुने परमप्रभुबाट तिमीहरूलाई आशिष् मिलोस्। १६ सर्वोच्च स्वर्ग त परमप्रभुकै हो, तर पृथ्वीचाहिँ उहाँले मानिस-जातिलाई प्रदान गर्नुभएको छ। १७ मृतकहरूले परमप्रभुको प्रशंसागर्दैनन्, मृत-लोकमा जानेहरूले उहाँको प्रशंसा गर्दैनन्। १८ तर हामी त अहिले र सदासर्वदा परमप्रभुको स्तुति गर्दछौं। परमप्रभुको प्रशंसा गर! "**

हामीले पूजा गरेका र हामीहरूले फोकस वा केन्द्रविन्दु बनाएका बस्तु जस्तै हामी हुने हाम्रो मानवीय स्वभाव छ। पत्थरलाई पूजा गर्नाले पत्थरको जस्तै हृदय हुने भएकाले अरूप्रति चासो देखाउने र न्याय गर्ने चलनमा कमी हुनु स्वभाविकै थियो। न्याय र करुणामय परमेश्वरको पूजा गर्न छोडेर आफ्ना छिमेकी देशहरूका नक्कली देवीदेवताहरूको पूजा गर्न जाँदा उहाँका जनहरूमा परमेश्वरका आदर्श चरित्रलाई त्यागेर अरूप्रति चिसो व्यवहार गर्ने बानीको बिकास भएको थियो। ती देवीदेवताहरू क्रुर, युद्धप्रेमी र सन्तान दिने हुन्छन् भनेर प्रायजसो चित्रण गरिएको थियो। जब तिनीहरूले अरू देवीदेवताहरूलाई पूजा गर्न थाले तब तिनीहरूको मनस्थितिमा धेरै परिवर्तन आएको थियो। अरूप्रति गरिने व्यवहारमा पनि तिनीहरूको मन परिवर्तन भएको थियो। यदि तिनीहरू परमेश्वरप्रति बफादारी भएर बसेको भए अरूको आवश्यकताप्रति तिनीहरू संवेदनशील भएर आफूसँग भएका भागहरू बाँडिचुँडी गर्ने थिए।

**हामीले कसको पूजा गर्छौं त्यस्तै चरित्र हाम्रो हुन्छ भन्ने धारणाको बारेमा सोच्नुहोस्। वर्तमान समयमा हातले बनाइएका मूर्तीहरूलाई नै देवता भनेर नमानेतापनि अरू के के तत्वहरू छन् जसले परमेश्वरको ठाँउमा तिनीहरू हाम्रो भगवान हुन गएका छन्?**

## २. पूजा तथा आराधना गर्नुको कारण

परमप्रभु सनातन सृष्टिकर्ता परमेश्वरको मात्र पूजा वा उपासना गर्नु र उहाँको भक्तिमार्गमा हिंड्न उहाँले आफ्ना जनहरूलाई बारम्बार जोडदार अनुरोध गरिरहनुभएको तथ्य बाइबलभरि हामी पाउँछौं। तर उहाँको भक्तिमा वा उहाँलाई पूजा गरेरमात्र किन हिंड्ने भन्ने कारणहरू पनि बाइबलमा बारम्बार तेर्स्याइरहेको पाइन्छ। उहाँ को हुनुहुन्छ, उहाँले के गर्नुभयो र उहाँका विभिन्न गुण, स्वभाव र खुबीहरूले गर्दा उहाँ पुजनीय हुनुभएको हो

भनेर बाइबलमा बताइएको छ। उहाँ सबैको भलो चिताउने गुणिलो हुनुहुन्छ, उहाँ न्यायी हुनुहुन्छ, उहाँ करुणामय र दयालु हुनुहुन्छ, उहाँ सबैको हितको निम्ति फिक्रि गर्नुहुन्छ यिनै गुणहरू परमेश्वरमा छन्। परमेश्वर को हुनुहुन्छ, हाम्रो निम्ति उहाँले के गर्नुभयो (विशेष गरेर येशूको क्रुसमा), र उहाँले के गर्नु हुनेछ भनेर दिनुभएको बाचाहरूलाई सम्झिरहँदा उहाँ को हुनुहुन्छ भन्ने कुरामा हामी स्पष्ट हुन्छौं। त्यसले गर्दा उहाँको पूजा वा उपासना गर्न, उहाँको भक्तिमार्गमा हिंड्न र उहाँको स्तुतिप्रशंसा गर्नुपर्ने बिना कुनै कारणले होइन भन्ने कुरालाई हामीले आत्मसात् गर्नैपर्छ।

**मानव प्राणीले कुन् अभिप्राय वा सम्प्रेरणाको कारणले परमेश्वरको आराधना र स्तुति गर्नुपर्छ भनेर देहायका केवल केही पदहरूमा पढ्नुहोस्: व्यवस्था १०:१४-२२ "१४ आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्। १५ तापनि तिमीहरूका पिता-पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो, र आज तिमीहरूले देखेझैं तिनीहरूका सन्तान तिमीहरूलाई नै सबै जातिहरूका माझबाट उहाँले चुन्नुभयो। १६ यसकारण अब आफ्ना हृदयको खतना गर, र अबदेखि उसो हठी नहोओ। १७ किनकि परमप्रभु तिमीहरूका परमेश्वर नै ईश्वरहरूका परमेश्वर र प्रभुहरूका परमप्रभु, महान् परमेश्वर, शक्तिशाली र भययोग्य हुनुहुन्छ। उहाँले कसैको पक्षपात गर्नुहुन्न, र उहाँले कहिल्यै घूस लिनुहुन्न। १८ उहाँले अनाथ र विधवाहरूलाई समर्थन गर्नुहुन्छ, र प्रवासीहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूलाई भोजन र वस्त्र दिनुहुन्छ। १९ यसैकारण तिमीहरूले पनि प्रवासीहरूलाई प्रेम गर्नुपर्छ, किनकि मिश्रमा तिमीहरू पनि प्रवासी थियौ। २० परमप्रभु आफ्ना परमेश्वरको डर तिमीहरूले मान, उहाँको सेवा गर, उहाँलाई पक्रिराख, र उहाँकै नाउँमा तिमीहरूले शपथ खाओ। २१ उहाँ नै तिमीहरूका प्रशंसाको पात्र हुनुहुन्छ। उहाँ नै तिमीहरूका परमेश्वर हुनुहुन्छ, जसले तिमीहरूका निम्ति तिमीहरूका आफ्नै आँखाले देखेका ती महान् र आश्चर्यपूर्ण कार्यहरू गर्नुभयो। २२ तिमीहरूका पिता-पुर्खाहरू त सत्तरी जना मात्र मिश्रमा गएका थिए, तर अब परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आकाशका ताराझैं अनगिन्ती पार्नुभएको छ।", भजन १०१:१ "म तपाईंको प्रेम र न्यायको गीत गाउनेछु, हे परमप्रभु, म तपाईंको प्रशंसा गाउनेछु।", भजन १४६ "१ हल्लेलूयाह! ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर! २ म जीवनभरि परमप्रभुको प्रशंसा गर्नेछु, म**

जीवित रहुञ्जेल मेरा परमेश्वरको स्तुति गाई नै बस्नेछु। ३ आफ्नो भरोसा संसारका शासकहरूमाथि नराख, मरणशील मानिसमाथि, जसले बचाउन सक्दैनन्। ४ जब तिनीहरूको आत्मा निस्कन्छ, तिनीहरू माटोमा मिलिहाल्छन्। त्यही दिन तिनीहरूका योजनाहरू पनि नष्ट हुन्छन्। ५ त्यो मानिस धन्यको हो, जसको सहायता याकूबका परमेश्वरमा छ, जसको आशा परमप्रभु त्यसका परमेश्वरमा हुन्छ। ६ उहाँ स्वर्ग र पृथ्वी, समुद्र र त्यसमा भएका यावत् थोकका सृष्टिकर्ता हुनुहुन्छ। परमप्रभु सदाकालको निम्ति विश्वासयोग्य रहनुहुन्छ। ७ उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ, र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ। ८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ। परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ। ९ विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल पार्नुहुन्छ। १० परमप्रभुले सदासर्वदा राज्य गर्नुहुनेछ, ए सियोन, तिम्रा परमेश्वरले पुस्तौं-पुस्तौंसम्म राज्य गर्नुहुनेछ। हल्लेलूयाह!", यशैया ५:१६ "तर सर्वशक्तिमान् परमप्रभुको नाउँ इन्साफद्वारा उच्च हुनेछ, र पवित्र परमेश्वरले आफ्नो धार्मिकताद्वारा आफूलाई पवित्र देखाउनुहुनेछ।" र यशैया ६१:१०-११ "१० म परमप्रभुमा साह्रै आनन्दित हुन्छु। मेरो प्राणले मेरा परमेश्वरमा आनन्द मनाउँनेछ। किनकि उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ, र उहाँले मलाई धार्मिकताको वस्त्रले ढाक्नुभएको छ, जसरी दुलहाले आफ्नो शिर पूजाहारीले सिँगारेझैं सिँगार्छन्, र दुलहीले आफैलाई रत्नहरूले आभूषित गर्छिन्। ११ किनकि जसरी भूमिले आफ्नो बिरुवा उमार्छ, र जसरी बगैंचाले बीउहरू उमार्छ, त्यसरी नै परमप्रभु परमेश्वरले धार्मिकता र प्रशंसा सारा जातिहरूका सामुन्ने उत्पत्ति गर्नुहुनेछ।"

माथि दिइएका परमेश्वरका गुणहरूले गर्दा उहाँका जनहरूले उहाँको स्तुतिआराधना गर्नु कुनै नौलो कुरा थिएन। अत्यन्तै उत्साहित समयमा उल्लासकासाथ भएर उहाँका जनहरूले परमेश्वरको प्रशंसा गरेको पाइन्छ। जब कि इस्राएलीहरू मिश्रदेशबाट छुट्कारा पाएर आउँदा राजा फारोको आक्रमणलाई रोक्न परमेश्वरले हस्तक्षेप गर्नु भएको थियो तब त्यसबेला स्वतन्त्रताको आवाज उठाएर उहाँप्रति आभारी भएर इस्राएलीहरूले उहाँको आराधना र स्तुति गरेका थिए। तिनीहरूलाई परमेश्वरले लाल समुद्रबाट उद्धार

गरेर ल्याउनु भएको थियो। त्यसमा अत्यन्तै हर्षित भएर मोशा र उनकी दिदी मिरियमले परमेश्वरको स्तुति गाउन मानिसहरूलाई अगुवाइ गरेका थिए (प्रस्थान १५:१-२१ "१ तब मोशा र इस्राएलीहरूले परमप्रभुको नाउँमा यो स्तुति गाएः "म परमप्रभुको स्तुतिगान गाउनेछु, किनकि उहाँ धेरै उचालिनुभएको छ। घोड़ा र त्यसको सवारलाई उहाँले समुद्रमा फालिदिनुभएको छ। २ परमप्रभु नै मेरो शक्ति र गीत हुनुहुन्छ, र उहाँ मेरो मुक्ति हुनुभएको छ। उहाँ मेरा परमेश्वर हुनुहुन्छ, म उहाँको स्तुति गर्नेछु। मेरा पिता-पुर्खाका परमेश्वर, म उहाँको नाउँ उच्च पार्नेछु। ३ परमप्रभु नै योद्धा हुनुहुन्छ, उहाँको नाउँ परमप्रभु हो। ४ फारोका रथहरू र उनका सेनालाई समेत उहाँले समुद्रमा फालिदिनुभएको छ। फारोका सर्वश्रेष्ठ अधिकृतहरू लाल समुद्रमा डुबे। ५ गहिरा पानीले उनीहरूलाई छोपे। उनीहरू ढुङ्गाझैं गहिराइमा डुबे। ६ "हे परमप्रभु, तपाईंको दाहिने बाहुली शक्तिमा प्रतापी थियो, हे परमप्रभु, तपाईंको दाहिने बाहुलीले शत्रुहरूलाई चकनाचूर पार्‍यो। ७ तपाईंका विरुद्धमा उठ्नेहरूलाई तपाईंका गौरवको उच्चतामा तपाईंले तल झार्नुभयो। तपाईंले आफ्नो जल्दो क्रोध प्रकट गर्नुभयो, र त्यसले उनीहरूलाई ठोसाझैं भस्म पार्‍यो। ८ तपाईंका नाकको सासले पानीको थुप्रो लाग्यो, उर्लिंदो पानी एकै थुप्रो भई पर्खालजस्तो स्थिर भई उभियो, गहिरो पानी समुद्रको बीचमा जम्यो। ९ "शत्रुले धाक लगायो, "म तिनीहरूलाई खेदेर भेट्टाउनेछु, लुटिएका मालहरू म बाँड्नेछु। तिनीहरूमा म टन्न भोज गर्नेछु। म मेरो तरवार थुत्नेछु, र मेरो हातले तिनीहरूलाई नष्ट पार्नेछु"। १० तर तपाईंले आफ्नो सास फुक्नुभयो, र समुद्रले उनीहरूलाई छोप्यो। शक्तिशाली समुद्रमा उनीहरू सीसाझैं डुबे। ११ "हे परमप्रभु, देवताहरूमा तपाईंझैं को छ र?

पवित्रतामा अति महान्, महिमामा भययोग्य, र उदेकका कर्म गर्नुहुने तपाईंझैं को छ र? १२ तपाईंले आफ्नो दाहिने बाहुली पसार्नुभयो, र पृथ्वीले उनीहरूलाई निलिहाल्यो। १३ "तपाईंले छुटकारा गर्नुभएका मानिसहरूलाई तपाईंले आफ्नो नचुक्ने प्रेममा डोर्‍याउनुहुनेछ। तपाईंले आफ्नो शक्तिद्वारै तिनीहरूलाई आफ्नो पवित्र वासस्थानमा अगुवाइ गर्नुहुनेछ। १४ जातिहरूले सुन्नेछन् र काम्नेछन्। पलिश्त देशमा वास गर्नेहरूलाई पीडाले पक्रनेछ। १५ एदोमका अधिपतिहरू भयभीत हुनेछन्, मोआबका नेताहरूलाई कम्पले पक्रनेछ। कनानका सारा बासिन्दाहरू पग्लनेछन्, डर र त्रास उनीहरूमाथि पर्नेछ। १६ हे प्रभु, तपाईंका प्रजा पार नहोउञ्जेल, तपाईंले किन्नुभएका

प्रजा पार नहोउञ्जेल तपाईंका पाखुराको शक्तिले उनीहरू पत्थरझैं अचल रहनेछन्। १७ तपाईंले तिनीहरूलाई ल्याएर तपाईंको आफ्नो उत्तराधिकारको पर्वतमा रोप्नुहुनेछ" त्यसै ठाउँमा, हे परमप्रभु, जो तपाईंले आफ्नो वासको निम्ति बनाउनुभयो, त्यही पवित्रस्थानमा, हे परमप्रभु, जो तपाईंका बाहुलीहरूले स्थापना गरे। १८ परमप्रभुले सदासर्वदै राज्य गर्नुहुनेछ।" १९ जब फारोका घोड़ाहरू र उनका रथहरू र घोड़चढ़ीहरू समुद्रमा परे, तब परमप्रभुले उनीहरूमाथि समुद्रको पानी फर्काएर ल्याउनुभयो, तर इस्राएलीहरू समुद्रको बीचबाट ओबानो जमिनमा हिँड़ेर गए। २० तब हारूनकी दिदी, मिरियम अगमवादिनीले हातमा खैंजड़ी लिइन्, र सबै स्त्रीहरू पनि खैंजड़ी लिएर नाच्दै तिनका पछिपछि निस्के। २१ मिरियम यसो भन्दै गाउन लागिन्ः "परमप्रभुको स्तुति गाओ, किनभने उहाँ धेरै उचालिनुभएको छ। घोड़ा र त्यसको सवारलाई उहाँले समुद्रमा फालिदिनुभएको छ"))।

यस्तो अत्यन्तै तनाव र संवेदनशील समयहरूमा परमेश्वरले प्रकट गर्नु भएको न्याय र करुणालाई कहिल्यै पनि बिर्सननहुने हो। जब इस्राएलीहरूको बीचमा परमेश्वरले तिनीहरूको निम्ति देखाउनुभएको पुरुषार्थका कथाहरू नियमित रूपमा आराधनाको समयमा बताइरहन्थे तब आउने पिँढीहरूले त्यसबाट प्रेरणा पाएर परमेश्वरको काम र न्यायको प्रशंसा गर्ने प्रेरणा निरन्तररूपमा पाउँथे। ती कथाहरू भनेर परमेश्वरको आराधना गर्ने उत्साहको उदाहरण व्यवस्था १०:१७-२२मा उल्लेख गरिएको छ। प्रथमतः परमेश्वरको न्यायले नै उहाँ को हुनुहुन्छ भनेर बताउँछ। यो गुण उहाँको परमआवश्यक चरित्रको मूल तत्व हो। "परमेश्वरले गलत काम गर्नुहुन्छ भनेर सोच्नु नै असम्भव छ। सर्वशक्तिमान परमेश्वरले आफ्नो न्यायको कामलाई बिगार्नुहुन्छ भनेर हामीले कहिल्यै पनि सोच्नुहुन्न" (अय्यूब ३४:१२ रूपान्तरित)। परमेश्वर न्यायी हुनुहुन्छ र उहाँले न्यायप्रति चासो देखाउनुहुन्छ-यो एउटा मूल कारण हो जसले गर्दा उहाँ हाम्रो आराधना र प्रशंसाको योग्य हुनुभएको छ।

दोस्रोमा, उहाँको न्याय र धार्मिकता उहाँका जनहरूको पक्षमा देखाउनुभएको छ। जो गरिब, दविएका, पिछडिएका, जातभात वा विदेशी भनेर अलग्याइएका पीडित भएका र अन्यायमा परेकाहरूको पक्षमा उहाँले निरन्तररूपमा आवाज उठाइरहनुभएको छ। त्यसले गर्दा उहाँ पुजनीय हुन पुग्नुभएको हो। उहाँको न्याय केवल उहाँको स्वभावको चित्रणलेमात्र होइन। बाइबलमा स्पष्टरूपमा परमेश्वरको बारेमा यसरी चित्रण गरिएको छ "उहाँले पीडित वा अभावको मारमा परेककाहरूको क्रन्दन सुन्नुभयो" (अय्यूब ३४:२८

रूपान्तरित)। यस संसारमा भइरहेका अनेकौं गलत, अन्यायी, अत्याचारी कामलाई ठीक बाटोमा ल्याउन उहाँ चिन्तित र सक्रिय हुनुहुन्छ। हुनत, उहाँका ती गुण तथा खुबीहरूको बारेमा त्यसबेलामात्र पूरा थाहा हुन्छ जब उहाँले गर्नुहुने अन्तिम न्यायको फैसलाको कार्यान्वन हुन्छ र यस पृथ्वीलाई नयाँ सृष्टि गरि सृजना गर्नुहुन्छ।

**यदि पौराणिक इस्राएलीहरूले परमेश्‍वरको स्तुति, प्रशंसा र आराधना गर्ने धेरै कारणहरू छन् भने हामी क्रुसको पछि रहिरहेकाहरूमा उहाँको स्तुति, प्रशंसा र आराधना गर्न झन कति कारणहरू होलान्?**

## ३. धर्मको नाउँमा शोषण गर्नेहरू

कतिपय समयमा सबै कुरा ठिक र शान्त समयमा इस्राएल र यहूदा देशका मानिसहरू परमेश्‍वरको आराधना गर्न उहाँको मन्दिरमा फर्किन्थे। तर तिनीहरूले गर्ने आराधनामा छिमेकी देशका मूर्तिपूजाका संस्कार र धर्महरू पनि मिसिएका हुन्थे। विभिन्न समयहरूमा परमेश्‍वरका विभिन्न हस्ती अगमवक्ताहरू थिए। मानिसहरूलाई परमेश्‍वरतिर स्वच्छ र सत्यनिष्ठ हृदयले फर्काउन तिनीहरूले भरमग्दुर प्रयास गरेका थिए। तिनीहरूको आग्रहको बाबजुद पनि हठी हृदय भएका मानिसहरू आफ्ना दैनिक जीवनमा गरिरहने दुष्ट कामहरूबाट फर्कन चाहेनन्। आफूहरू धर्मात्मा छौं भनेर तिनीहरू परम्परा अनुसार धर्मका संस्कारहरू पालन गर्दथे। मन्दिरका सबै विधिविधान, चाडबाडहरू पालन गर्दथे। ठूलो ठूलो स्वरले भजनहरू गाउँथे। तर तिनीहरूको धर्मकर्मले गरिब, पिछडिएका, पिडित, दविएका मानिसहरूका आवाजहरूलाई निस्सासिदिएको थियो।

यी धर्मका खोल लगाउने मानिसहरूले "दिनहीन, अभावपीडित र गरिबहरूलाई थिचोमिचो गरे" भनेर परमेश्‍वरले अगमवक्ता आमोसद्वारा आक्रोस व्यक्त गर्नुभएको थियो (आमोस ८:४ रूपान्तरित)। तिनीहरूले मन्दिरमा विधिहरू हतार हतार गरेर सिध्याउँथे ताकि तिनीहरूले बेइमान गरेर धन कमाउन पसलहरू खोल्न सकून्। आमोस ८:४-६मा परमेश्‍वरले तिनीहरूको हृदयलाई यसरी पर्दाफास गर्नुहुन्छ "४ हे कङ्गालीहरूलाई खुट्टाले कुल्चनेहरू र देशका गरीबहरूलाई हटाउनेहरू हो सुन, ५ तिमीहरू जसले भन्छौ, "औंसी कहिले बित्छ र हामी अन्न बेच्न सकौं? अनि शबाथ कहिले समाप्त हुन्छ र हामी गहूँ बेच्न सकौं? माना सानो र ढक गह्रौं बनाई झूटो तराजू चलाएर

ठग्न सकौंला। ६ गरीबलाई रुपियाँमा र दरिद्रलाई एक जोर जुत्तामा किन्न सकौंला, कसिङ्गरसहित गहूँ बेच्न सकौंला?"

धर्मको खोल ओढेर परम्परा कायम गर्नुपर्ने नाउँमा अनेकौं रितिथिति, चाडबाड पालन गर्ने तर भित्रीरूपमा खोक्रो र आदर्श नीतिलाई व्यवहारमा लागु गर्न नैतिक रूपमा वाध्य नठानेका धर्मात्मामानिसहरूको बारेमा परमेश्वरको धारणा के छ सो देहायका केही पदहरूमा पढ्नुहोस्ः यशैया १ः१०-१७ "१
यहूदाका राजाहरू, उज्जियाह, योताम, आहाज र हिजकियाका शासनकालमा यहूदा र यरूशलेमको विषयमा आमोजका छोरा यशैयाले देखेका दर्शन। २ हे
आकाश, सुन्! हे पृथ्वी, कान थाप्! किनकि परमप्रभुले भन्नुभएको छ, "मैले छोराछोरीहरूलाई पालनपोषण गरेर हुर्काएँ, तर तिनीहरू मेरो विरुद्धमा अटेरी भएका छन्। ३ गोरुले आफ्नो मालिक चिन्छ, र गधाले आफ्नो स्वामीको डूँड
चिन्छ, तर इस्राएलले चिन्दैन, मेरा मानिसहरूले बुझ्दैनन्।" ४ हाय, पापी
जाति, दोषले लादिएका मानिसहरू, दुष्ट काम गर्नेहरूका बच्चा, भ्रष्टाचार गर्नेहरूका सन्तान। तिनीहरूले परमप्रभुलाई त्यागेका छन्, तिनीहरूले इस्राएलका परमपवित्रलाई हेला गरेका छन्, र उहाँतिर आफ्नो पिठिउँ फर्काएका छन्।

५ तिमीहरूले किन अझै पिटाइ खानुपर्छ? किन तिमीहरू अझै अटेरी बनिरहन्छौ? तिमीहरूका सारा शिरमा चोट लागेको छ, र सारा हृदय पीडित
भएको छ। ६ पैतालादेखि टुपीसम्मै चोट नभएको कहीं छैन। चोटैचोट, डामहरू र खुल्ला घाउहरू मात्र छन्। ती न त सफा गरिएका न बाँधिएका, न
तेलले नरम बनाइएका छन्। ७ तिमीहरूको देश उजाड़ छ। तिमीहरूका सहरहरू आगोले डढ़ाइएका छन्। तिमीहरूको जमिन तिमीहरूकै सामुन्ने विदेशीहरूले नाङ्गो पारिरहेछन्, परदेशीहरूले नाश पारेझैं त्यो उजाड़ पारिएको
छ। ८ सियोनकी छोरीचाहिँ दाखबारीको छाप्रोजस्तै, खरबूजाको मचानजस्तै र
घेरिएको सहरजस्तै भएकी छ। ९ यदि सर्वशक्तिमान् परमप्रभुले हाम्रा निम्ति केही बाँचेकाहरू नछोड्नुभएको भए त हामी सदोमजस्तै हुनेथियौं, हामी
गमोराजस्तै हुनेथियौं। १० हे सदोमका शासकहरू हो, परमप्रभुको वचन सुन!
हे गमोराका मानिस हो, हाम्रा परमेश्वरको कानून ध्यान दिएर सुन! ११
परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका बलिदानहरूको थुप्रो मेरो निम्ति के काम लाग्छ? म त भेड़ाहरूका होमबलि र पालेका मोटा पशुहरूका बोसोका होमबलिदेखि अघाएको छु। साँढ़े, थुमा र बोकाहरूको रगतदेखि म प्रसन्न
हुन्नँ। १२ जब तिमीहरू मसँग भेट्नलाई आउँछौ, तिमीहरूले चढ़ाएका यी

थोकहरू कसले चाहन्छ र? मेरा आँगनहरू खुट्टाले कुल्चीमिल्ची गर्न कसले तिमीहरूलाई भनेको छ र? १३ व्यर्थका बलिहरू नल्याओ। तिमीहरूको धूप त मेरो निम्ति घिनलाग्दो छ। औंसी, शबाथ, र सभाहरूका साथसाथै तिमीहरूका दुष्ट जमघटहरू म सहन सक्दिनँ। १४ तिमीहरूका औंसीका दिनहरू र ठहराएका चाड़हरूलाई मेरो हृदयले घृणा गर्छ। ती त मेरो निम्ति भार भएका छन्। ती बोक्दा-बोक्दा म थाकेको छु। १५ तिमीहरूले प्रार्थनामा आफ्ना हात पसार्दा, म मेरा आँखा तिमीहरूदेखि छोप्नेछु। तिमीहरूले ज्यादै प्रार्थना गर्दा पनि म सुन्नेछैनँ। तिमीहरूका हात रगतले भरिएका छन्। १६ आफूलाई धोएर चोखो पार। मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़। १७ भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ।", आमोस ५:२१-२४ "२१ "तिमीहरूका धार्मिक चाड़हरूलाई म घृणा गर्दछु, तिमीहरूका सभाहरू म सहन सक्दिनँ। २२ तिमीहरूले मेरो निम्ति होमबलि र अन्नबलि चढ़ाए तापनि म ती ग्रहण गर्नेछैनँ। तिमीहरूले चढ़ाएका सबैभन्दा असल मेलबलिमाथि पनि म परवाह गर्नेछैनँ। २३ तिमीहरूका सङ्गीतहरूको हल्ला मदेखि टाढ़ा राख। म तिमीहरूका वीणाहरूका सङ्गीत सुन्न चाहन्नँ। २४ तर न्यायचाहिँ नदीझैं र धार्मिकता कहिले नसुक्ने खोलाझैं बगिरहोस्!" र मीका ६:३-८ "३ हे मेरा प्रजा, मैले तिमीहरूलाई के गरें? मैले कसरी तिमीहरूलाई बोझ बोकाएको छु र? मलाई जवाफ देओ। ४ मैले त तिमीहरूलाई मिश्रदेशदेखि माथि ल्याएँ र तिमीहरूलाई दासत्वको देशबाट मोल तिरेर छुटाएँ। तिमीहरूका अगुवा हुनलाई मोशा, हारून र मिरियमलाई पनि मैले पठाएँ। ५ हे मेरा प्रजा, मोआबको राजा बालाकले के सल्लाह गरेको थियो, र बओरको छोरो बालामले त्यसलाई के जवाफ दियो, त्यो स्मरण गर। शित्तीमदेखि गिलगालसम्मैको यात्रालाई सम्झ, ताकि तिमीहरूले परमप्रभुका धार्मिक कामहरूलाई जान्न सक।" ६ के लिएर म परमप्रभुको सामु आऊँ, र उच्च भएका परमेश्वरको सामु निहुरूँ? के एक वर्षे बाछ्राहरू लिएर होमबलि चढ़ाउनलाई म उहाँको सामु आऊँ? ७ के परमप्रभु हजारौं भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ? ८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू।"

बेला बेलामा आफ्न अगमवक्ताहरूद्वारा परमेश्वरले धर्मका खोल ओढ्ने मानिसहरूका धर्मकर्म र तिनीहरूका आराधना तथा उपासनाप्रति आक्रोस व्यक्त गर्नुभएको थियो। तिनीहरूका ती धार्मिक कार्य तथा संस्कारहरू परमेश्वरको सामु हास्यस्पद बनेका थिए। आफ्ना आस्था र हुनुपर्ने आदर्श चरित्र अनुसार नचलि तिनीहरूका वरिपरि रहेका मानिसहरूको दुःख, कष्ट र पीडाप्रति कठोर भएका थिए। तिनीहरूले धर्मको नाउँमा कमजोर मानिसहरूको शोषण गरेका थिए र दवाएका थिए। त्यस्ता खालका धर्मकर्महरूलाई परमेश्वरले "घृणा गर्नुहुन्छ", "वाक्क वा दिक्क मान्नुहुन्छ"। प्रायजसो तिनीहरूको पूजापाठदेखि विरक्त हुनुभएको भावना व्यक्त गर्नुभएको आमोस ५:२१-२४मा पाउँछौं। धर्मको नाउँमा जम्मा भएर उत्सब मनाउने काम परमेश्वरको अगाडि फोहरमैला जस्तो गन्हाउने भएको, तिनीहरूको दानभेटी आदि र भजनसङ्गीतहरू बेकार र अर्थहीन भएको उहाँले स्पष्ट पार्नुभएको थियो।

मीका ६ "ल,ल तिमीहरूले मेरो आराधना उचितरूपमा कसरी गर्ने?" भनेर गिज्याउँदै बढाइचढाइ गरेर तिनीहरूको धार्मिक विधिहरूको हस्सी उडाउनुहुन्छ। "के तिमीहरूले हजारौं भेँडाहरूको बली चढाएर, जैतुनको दशौं हजार तेलको नदी बगाएर र भयावह नरबलीको यज्ञ गरेर धर्मको नाउँमा मलाई खुशी पार्न खोज्छौ?" भनेर परमेश्वरले अफसोच व्यक्त गर्नुहुन्छ (मीका ६:७ रूपान्तरित)। धर्मकर्म आदि गरेर परमेश्वरलाई रिझाउन र उहाँबाट क्षमा प्राप्त गर्ने मानिसहरूको प्रयास उहाँको अगाडि दुष्प्रयास भनेर उहाँले ठहऱ्याउनुभएको उहाँका आक्रोसहरूबाट बुझ्नु जरुरी छ।

अन्तमा धर्मकर्म होइन तर न्यायोचित ढंगमा हिँड्ने, जे ठीक छ त्यही गर्ने, दया र करुणाको भाषण गर्ने नभएर व्यवहारिकरूपमा देखाउने र उहाँको सामु नम्र भएर झुकेर चल्नु नै परमेश्वरले साँच्चै चाहनुभएको आत्मिक जीवन हो भनेर मीका ६:८मा व्यक्त गरिएको छ।

**के तपाईं पनि कतिपय समयमा औपचारिक रूपमा धार्मिक विधिहरू पालन गर्न जागृत हुनुहुन्छ तर तपाईंका वरिपरि रहेका मानिसहरूको दुःखकष्ट वा बरबादीलाई वेवास्ता गर्ने पङ्क्तिमा हुनुहुन्छ? तपाईंले पीडित र असहायहरूलाई उपकार गर्दा तपाईंले कस्तो अनुभव गर्नुभएको छ?**

## ४. यथार्थमा परमेश्वरको आराधना वा पूजा कसरी गर्ने

परमेश्वरका जनहरू हौं भनेर दावी गर्नेहरूको अध्यात्मिक, भक्तिभाव देखाउने र आराधना गर्ने कार्यवीच कस्तो सम्बन्ध छ भनेर अगमवक्ताहरूले विभिन्न समयमा औंल्याएका थिए। परमेश्वरको उचितरूपमा आराधना गर्ने हो भने त्यसमा अर्को पक्ष समावेश हुनु पर्ने तिनीहरूको जिकिर थियो। गरिब, निर्धन, असहाय, पीडित, शोषित, दमनमा परेका, पिछडिएका वर्ग, र समाजबाट तिरस्कृतहरूको सेवा गर्नु वा उद्धार गर्नु नै परमेश्वरको आराधनाको महत्त्वपूर्ण भाग हो भनेर ती अगमवक्ताहरूले मानिसहरूलाई सम्झाउन खोजेका थिए। यसबारे अगमवक्ता यशैयाले यशैया ५८मा स्पष्ट नीति प्रस्तुत गरेका छन्।

**यशैया ५८को सुरूमा परमेश्वर र उहाँका जनहरूको (वा वर्तमान "जय मसी वा जय मसिह" भनेर अभिवादन गर्नेहरू नै किन नहोउन्- अनुवादकको थप जिज्ञासा) बीचमा कस्तो तितो सम्बन्ध भएको थियो भनेर कसरी वर्णन गरिएको छ? धर्मको लुगा लगाउने पाखण्डी मानिसहरूलाई परमेश्वरले कसरी नङ्ग्याउनुभएको छ सो हेर्नुहोस् "१ चर्को गरी करा, नथाम्। तुरहीको आवाज जस्तै उच्च सोरले करा। मेरो प्रजालाई तिनीहरूको बागीपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे। २ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्। जे ठीक छ त्यही गर्ने र आफ्ना परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर मेरो मार्ग जान्न इच्छा गर्ने जातिजस्तै तिनीहरू देखिन्छन्। तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्, र परमेश्वर तिनीहरूका नजिकै आऊन् भनी उत्सुक भएका देखिन्छन्। ३ तिनीहरू भन्छन्, "हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न? "तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। ५ के मैले चुनेको उपवास यस्तै हो? मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने? (अर्थात् सेभेन्थ-डे एडभेन्टिस्टहरू केवल साबथ दिन वा केही घन्टाको मात्र एडभेन्टिस्ट हो र?- अनुवादकको रोचक जिज्ञासा)। के निगालोझैं आफ्नो शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो? के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ? ६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा**

**भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु, नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, "म यहीं छु"। "यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू "भत्केका पर्खालहरू निर्माण गर्ने" र "बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू" भनिनेछौ। १३ "तिमीहरूल मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।"**

हामीले अगाडि नै हेऱ्यौं कि जुन भर्त्सना वा आलोचना गरेर सम्बोधन गरिएको थियो त्यो परमेश्वरका जनहरू भनेर सक्रियरूपमै धर्मी देखाउने मानिसहरूको निम्ति थियो। झट्ट हेर्दा तिनीहरू इमान्दारीसाथ परमेश्वरको खोजी गर्दै थिए तर त्यो बेकारको हुन गइरहेको थियो। तिनीहरूले गर्ने आराधना वा पूजापाठमा परिवर्तन गर्नुपर्ने र अरू कुनै तरिका अपनाएर उहाँको सेवा गर्नुपर्ने थियो भनेर परमेश्वर भन्नुहुन्छ। उहाँको सत्य उपासना वा आराधना कसरी गरिन्छ त? उहाँको चाहना अनुसार "६ अन्यायको बन्धन

फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिनु नै" सत्य परमेश्वरको सत उपासना हो (यशैया ५८:६)। तिनीहरूले भोकाएकाहरूलाई खुवाउनुपर्छ, घरबार विहिनलाई संरक्षण दिनुपर्छ र आवश्यकता परेकाहरूलाई सहायता गर्नुपर्छ।

यस्ता क्रियाकलापहरूद्वारा परमेश्वरको आराधना गरिन्छ भन्ने अवधारणामात्र होइन, त्यहीमात्र नै आराधना गर्ने उचित उपाय हो भनेर परमेश्वरले जिकिर गर्नुहुन्छ। औपचारिक, परम्परा भनेर निरन्तरता दिइरहने आराधनाको कार्यक्रममा उक्त धारणा कतिपय मानिसहरूलाई नमिल्न सक्छ वा सहमति नहुनसक्छ। तर परोपकारको माध्यमद्वारा गरिने परमेश्वरको आराधना केवल उपासकको भित्री हृदयमामात्र आशिषको अनुभव गरिने होइन कि आफ्ना वरिपरि रहेका परमेश्वरका जनहरूमा पनि आशिष ल्याउँदछ। "पापको बोझबाट छुट्कारा दिनु, असहिष्णुता र दमन नीति लोप गराउनु, न्याय, स्वतन्त्र र शान्तिको प्रवर्द्धन गर्नु वा उचालि राख्नु नै धर्मको सत्य उद्देश्य हो।"-*द एसडिए बाइबल कमेन्टरी,* ठेली ४, पृ. ३०६बाट रूपान्तरित।

परमेश्वरको चाहना अनुसार मानिसहरूले उहाँको उपासना गरे उहाँले आशिषहरू खन्याउनुहुनेछ भनेर यशैया ५८:८-१२मा उहाँका वाचाहरूमा उल्लेख गरिएका छन्।

वास्तविक रूपमा परमेश्वरले के भन्न खोजिरहनुभएको थियो भने यदि मानिसहरूले आफूहरूलाई मात्र हेर्ने बानीलाई कम गरे तिनीहरूबाट परमेश्वरले काम गरिरहनुभएको तिनीहरूले भेट्टाउनेछन्। तिनीहरूबाट नै मानिसहरूको चोट निको पारिनेछ र भत्किएको जीवनको पुनर्स्थापना हुनेछ भनेर परमेश्वरले भन्नुभएको पाइन्छ। परमेश्वरको आराधना गर्ने क्रममा साबथलाई पालन गर्दा कस्तो उल्लास वा हर्ष हुनुपर्छ भनेर पनि औँल्याएको यो अध्यायलाई रोचक नै मान्नुपर्छ। साबथसँग सेवाकार्यको कस्तो गहिरो सम्बन्ध छ भनेर हामीले अगाडि नै हेर्‍यौं। तर यशैयाले प्रस्तुत गरेका पदहरूमा ती क्रियाकलापहरू समावेश गरेर परमेश्वरको आराधनामा पुन जोश वा पुनर्जीवन दिनु र परमेश्वरका आशिषहरू पत्ता लगाउन मानिसहरूलाई आह्वान गरिएको पाइन्छ। ती पदहरूको टिप्पणी गर्दै एलेन जी ह्वाइट यसरी व्यक्त गर्नुहुन्छ "जो मानिसहरूले साबथ पालन गर्छन् तिनीहरूमाथि परमेश्वरले दया तथा करुणाको काम र उपकार तथा परोपकारी काम गर्ने जिम्मा बोकाइ दिनुभएको छ।"-वेलफेयर मिनिस्ट्री, पृ. १२१बाट रूपान्तरित।

## ५. दया र निष्ठा वा विश्वासमा अडिग भएर बस्नु

जब धर्मगुरुहरूले येशूलाई "यो त कस्तो मान्छे, पापीहरूसँग बसेर पो खान्दो रहेछ" भनेर उहाँको आलोचना गरे वा उहाँप्रति आक्रोस व्यक्त गरे तब उहाँले तिनीहरूलाई आफ्ना धर्मशास्त्र पल्टाएर पढ जसमा परमेश्वरको चाहना के हो त्यो तिनीहरूले थाहा पाउनेछौं भनेर उहाँले भन्नुभएको थियो। यस सन्दर्भमा उहाँले अगमवक्ता होशेलाई उद्धृत गरेर परमेश्वरको चाहनालाई तिनीहरूको सामु राख्नुभएको थियो, "म तिमीहरूको बलि वा धर्मकर्म होइन तर दया चाहन्छु" (मत्ती ९:१३ रूपान्तरित होशे ६:६)।

येशू ख्रीष्ट आफैले अरूको सेवा र हेरचाह गरेर जीवन बिताउनुभएको थियो। उहाँ मानिसहरूबाट अलग नबसेर उहाँले तिनीहरूसँग छलफल गर्नुभएको थियो र अनेकौं आश्चर्य कामहरूद्वारा उहाँले बिमारीहरूलाई निको पार्नुभएको थियो। विभिन्न दृष्टान्त अर्थात् अर्तीकथाहरूद्वारा परमेश्वरप्रति समर्पित भएको सत्य र उत्कृष्ट जीवन कसरी बिताउनुपर्छ भनेर चित्रण गर्दै त्यसै अनुसार जिउन उहाँले सिकाउनुभएको थियो। बाइबलबाट प्रवचन दिएर मात्र होइन त्यस सम्मत चल्नु नै परमेश्वरको सही उपासक हुनु हो भनेर उहाँले बुझाउन खोज्नु भएको थियो। धर्मशास्त्रका विद्वान तथा धर्मगुरुहरू उहाँका मुख्य आलोचकहरू थिए। तर तिनीहरूले पनि येशूको कठोर आलोचना खप्नुपरेको थियो। अगमवक्ता यशैयाका समयमा धर्मगुरु आफू यहूदी जाति भएकोले धार्मिक विधिविधानहरू पालन गरेकोले आफ्नो सम्बन्ध परमेश्वरसँग विशेष हुन्छ भनेर तिनीहरूले ठानेका थिए। तर तिनीहरूले गरिब र अभावमा परेकाहरूको वेवास्ता गरेका थिए। तिनीहरूको धार्मिक कार्य र विश्वाससँग तिनीहरूको दैनिक क्रियाकलापको रहनसहन र बानिव्यहोराको तालमेल थिएन। तिनीहरूको आत्मिक जीवनसँग व्यवाहारिक जीवन नमिलेको कारण तिनीहरू त्यसैले पाखण्डी हुन् भनेर आक्रोस व्यक्त गर्न येशू पछि पर्नुभएको थिएन।

**मर्कूस १२:३८-४०मा ती धर्मगुरुहरूको तीब्र आलोचना गर्नुभएको थियो। उहाँले भन्नुभएको थियो "तिमीहरू विधुवाका घरहरूलाई लुट्दछौ।" उहाँको आलोचनामा तिनीहरू धर्मको नाउँमा कतिसम्म गर्दा रहेछन् भन्नुहुँदा तिनीहरूले त्यस्तो काम त नगर्लान् तर उहाँले यसमा तिनीहरूको अतिवादी सोचको बारेमा के भन्न खोजिरहनुभएको थियो? "न्यायको समयमा तिनीहरू सबभन्दा बेसी दोषी ठहरिनेछन्" भनेर तत्काल तिनीहरूको फैसला उहाँले गर्नुभएको घट्नालाई तपाईं कसरी व्याख्या गर्नुहुन्छ? हेर्नुहोस् "३८ तब शिक्षा**

**दिनुहुँदा येशूले भन्नुभयो, " तिमीहरू शास्त्रीहरूदेखि होशियार रहो। तिनीहरू लामो वस्त्र लाएर यताउता डुल्न र बजारहरूमा अभिवादन पाउन, ३९ तथा सभाघरहरूमा प्रमुख स्थान र भोजहरूमा आदरको स्थान पाउन रुचाउँछन्। ४० तिनीहरू विधवाहरूका घर लुट्छन्, तर लोकाचारको लागि लामो-लामो प्रार्थना गर्दछन्। यस्ता मानिसहरूले अझ बढ़ी दण्ड पाउनेछन्।"**

धर्मको खोल ओढेर चल्ने मानिसहरूप्रति लक्षित गर्दै येशूले दिनुभएको अत्यन्तै डरलाग्दो प्रवचन शायद मत्ती २३मै होला। तिनीहरूको धर्मकर्म समाजमा पिछडिएका र गिरिएकाहरूलाई वेवास्ता गर्ने खालकामात्र नभएर तिनीहरूका ती धर्मकर्महरू मानिसहरूको निम्ति भारी भएको भनेर उहाँले तिनीहरूको मुटु छेड्ने गरि व्यक्त गर्नुभएको थियो। तिनीहरूको क्रियाकलाप वा तिनीहरूले गर्नुपर्ने काम नगरि चल्दा र अरूको वेवास्ता गर्दा तिनीहरूले "मानिसकै अगाडि परमेश्वरको राज्यको ढोका आफूखुशी बन्द गरिदिन्छन्" भनेर उहाँले आक्रोस व्यक्त गर्नुभएको थियो (मत्ती २३:१३ रूपान्तरित)। शताब्दियौ अघिका अगमवक्ताहरूको आवाजहरूको प्रतिध्वनि प्रस्तुत गर्दै तिनीहरूको धर्मकर्ममा गम्भीर खोट भएको कुरा उहाँले व्यक्त गर्नुभएको थियो। सबैको अगाडि तिनीहरूले अत्यन्तै धर्मात्मा देखिने गरेर सबै विधिविधानहरू पालन त गरे तर अन्याय र अत्याचारप्रति तिनीहरूले समर्थन जनाए र त्यसबाट फाइदा पनि उठाए भनेर उहाँले तिनीहरूको यसरी भन्डाफोर गरेर तिनीहरूलाई धिक्कार्नुभएको थियो "१३ धिक्कार, तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू मानिसहरूका सामुन्ने स्वर्गका राज्यको ढोका बन्द गर्दछौ। तिमीहरू न त आफै पस्तछौ, न पस्न चाहनेहरूलाई पस्न दिन्छौ। [ १४ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू विधवाहरूका घर खाइदिन्छौ, र लामो-लामो प्रार्थना गर्ने भान पार्दछौ। यसैले अरूले भन्दा तिमीहरूले ज्यादा दण्ड पाउनेछौ।] १५ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू एक जनालाई आफ्नो मतमा ल्याउनलाई समुद्र र जमिन चहार्दछौ, र त्यो तिमीहरूको मतमा आएपछि त्यसलाई आफूभन्दा दोबर नरकको छोरो बनाउँछौ।

१६ "धिक्कार तिमीहरूलाई, अन्धा अगुवा हो, जसले भन्दछौ, "कसैले मन्दिरको शपथ खाँदा केही हुँदैन, तर मन्दिरका सुनको शपथ खाँदा त्यस शपथले बाँधिनेछ।" १७ मूर्ख र अन्धा हो, कुनचाहिँ ठूलो हो? सुन कि सुनलाई पवित्र पार्ने मन्दिर? १८ "कसैले वेदीको शपथ खाँदा केही हुँदैन,

तर त्यसमाथि राखिएको भेटीको शपथ खाँदाचाहिँ शपथले बाँधिनेछ।" १९ ए
अन्धा हो, कुनचाहिँ ठूलो हो? भेटी कि भेटीलाई पवित्र पार्ने वेदी? २०
यसकारण वेदीको शपथ खानेले वेदीको र त्यसमाथिका सबै थोकको शपथ
खान्छ। २१ मन्दिरको शपथ खानेले मन्दिर र त्यसभित्र वास गर्नुहुनेको शपथ
खान्छ। २२ स्वर्गको शपथ खानेले परमेश्वरका सिंहासनको र त्यसमाथि
विराजमान हुनुहुनेको शपथ खान्छ। २३ "धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश
दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको
अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती
गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। २४ अन्धा अगुवा हो,
तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ। २५ "धिक्कार
तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनभने तिमीहरू कचौरा र
थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका
हुन्छन्। २६ अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार,
र तिनको बाहिरपट्टि पनि सफा होस्। २७ "धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू चून लाइराखेका चिहानहरूजस्ता छौ,
जो बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाड़हरू
र सबै अशुद्धताले भरिएका हुन्छन्। २८ यसरी नै तिमीहरू पनि बाहिर भने
मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले
भरिएका छौ। २९ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू!
किनकि तिमीहरू अगमवक्ताका चिहानहरू बनाउँछौ, र धर्मीहरूका स्मारकलाई
सिङ्गार्छौ, ३० र भन्दछौ, "हामी आफ्ना पुर्खाहरूका समयमा भए ता हामी
अगमवक्ताहरूको रगत बहाउनमा उनीहरूसँग सहभागी हुनेथिएनौं।" ३१
यसरी तिमीहरू अगमवक्ताहरूलाई हत्या गर्नेका सन्तान हौ भन्ने प्रमाण
तिमीहरू आफै दिन्छौ। ३२ तिमीहरूका पुर्खाहरूले गरेका पापको काम पूरा
गर। ३३ "सर्पहरू, साँभे सर्पका बच्चा हो, तिमीहरू नरकको दण्डदेखि
कसरी उम्कनेछौ? "(मत्ती २३:१३-३३)।

ती धर्मगुरुहरूको धार्मिक क्रियाकलापहरू गलत थिए भनेर येशूले भन्नुभएको होइन तर अरूलाई अनुचित तरिकाले व्यवहार गर्नको लागि ती धर्मकर्महरू गर्नुहुँदैनथ्यो भन्ने मनशाय उहाँको थियो। **हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू हौं भनेर दावी गर्छौं र हामीसँग धेरै सत्यको ज्ञान छ भनेर दावी**

**गर्छौं तर हामीहरूको ज्ञानलाई व्यवहारमा नउतारि हामीहरूको ज्ञानको आधारमा मुक्ति पाउँछौं भन्ने धरापबाट हामी कसरी उम्किने?**

## उपसंहार

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित** वेलफेयर मिनिस्त्रीको पृ. २९-३४को "आइजाया ५८-अ डिभाइन प्रिस्क्रिप्सन" र द डिजाएर अभ एजेज, पृ. ६१०-६२०को "ओउज अन द फारिसिज" पढ्नुहोस्।

"जब अगमवक्ता यशैयाले परमेश्वरले दिनुभएको आदर्श शिक्षादीक्षाहरूको मूल्यमान्यतालाई व्यवहारिकरूपमा पालन गर्न मानिसहरूलाई सुनाएका थिए, तब उनले शताब्दियौं अघि दिइएको सल्लाहलाई दोहोऱ्याएकामात्रै थिए।...दया र करुणा देखाउन बिर्सिने र औपचारिकरूपमा मात्र धर्मकर्म गर्ने बानी हुने खतराबाट आफ्ना जनहरूलाई जोगाउन यहोवाले आफ्ना सेवकहरूमार्फत सल्लाह दिन युगौं युगदेखि तिनीहरूलाई खटाउनुभएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस,* पृ. ३२६,३२७बाट रूपान्तरित।

"हाम्रा (सेभेन्थ-डे एडभेन्टिस्ट) विश्वासी जनहरूलाई यशैया ५८तिर ध्यानदिन मलाई सिकाउनुभएको थियो। यो अध्यायलाई गम्भीर भएर अध्ययन गर्नुहोस् र यसबाट चर्चको जीवनमा कस्तो सेवाकार्य गर्न सकिन्छ सो बुझ्न प्रयास गर्नुहोस्। सुसमाचार सुनाउन हामी खुला दिल अर्थात् उदारवादी हुनुपर्छ त्यसको साथै हामीले परिश्रम पनि गर्नुपर्छ। यदि कोही दुःखकष्ट भोगिरहेको मानिसले सहायताको निम्ति तपाईंसँग बिन्ति गर्छ भने उसलाई सहायता गर्नुहोस्। कोही भोकाएको तपाईंले देख्नुहुन्छ भने खान दिनुहोस्। यस्तो काममा तपाईं संलग्न हुनुभयो भने तपाईं येशूको सेवाकार्यमा सहभागी भइरहनुभएको प्रमाणित हुनेछ। हाम्रो पुजनीय गुरुको पवित्र काम नै परोपकारी र सद्भावनापूर्ण काम थियो। हाम्रा जनहरू जहाँ भएतापनि यस मामिलामा सहभागी हुन हौशला दिनुहोस्।"-एलेन जी ह्वाइट, वेलफेर मिनिस्त्री, पृ. २९बाट रूपान्तरित।

## चिन्तनमननः

अ) **दयामाया, करुणा देखाउनु, उदारवादी हुनु र न्याय वा न्यायोचित काम गर्नु पनि परमेश्वरको आराधना गर्नु हो भनेर के तपाईंले कहिल्यै सोच्नुभएको छ? यो मनस्थिति तपाईंमा**

हुँदा अरूलाई गर्ने तपाईंको व्यवहारमा कसरी परिवर्तन हुनसक्थ्यो होला? परमेश्वरको आराधना गर्ने काममानै तपाईंको मनस्थिति कसरी परिवर्तन हुने होला?

आ) "व्यवस्थामा धेरै महत्त्वपूर्ण कुराहरू छन्" (मत्ती २३:२३ रूपान्तरित)। हामीहरूको व्यक्तिगत र चर्चको समूदायको जीवनमा तिनीहरूलाई वेवास्ता नगर्न हामी कसरी सतर्क हुने? के तपाईंकै जीवनमा कहिल्यै यस्तो घट्ना हुन गएको छ जसमा "भुसुनालाई बचाएर उँटलाई निल्न" पुग्नुभएको छ (मत्ती २३:२४)?

इ) धर्मको लुगा लगाउने वा पाखण्डी भएर धर्मात्मा भएको देखाउने तर भित्री मनचाहीं आफ्नो भाऊ खोज्न जतिसुकै मूल्य पनि चुकाउनु चाहने प्रवृत्ति पाप किन हो? के मानिसहरूको अगाडि असल काम गरेर देखाउनु ठिक छैन त?

ई) गरिब, निर्धन, पिछडिएका, पीडित, दविएका, तिरस्कृत, अभावग्रस्त मानिसहरूप्रति संवेदनशील हुन र सहयोग गर्ने परमेश्वरको तिब्र चाहना र सपनालाई अगमवक्ताहरूद्वारा व्यक्त गरिएको कुरा केलाउँदा संसारप्रति तपाईंको दृष्टिकोण कसरी बदलिन सक्दछ? यदि तपाईंमा अगमवक्ताका कानहरू र आँखाहरू भएर स्थानीय खबरहरू सुन्दा र पढ्दा तपाईंको प्रतिक्रिया कस्तो हुने थियो होला?

**सारांशः** देशमा भएका मानिसहरूले गरेको दुष्कर्महरूप्रति अगमवक्ताहरूले आक्रोस व्यक्त गर्दा तिनीहरूले विशेष गरेर त्यही मानिसहरूले गरेका दुष्कर्मलाई ध्यान दिएका थिए जो परमेश्वरका जनहरू भनेर दावी गर्ने र परमेश्वरलाई आफ्नोमात्र परमेश्वर हो भनेर उहाँलाई आफ्नो पेवा बनाएका थिए। पूजापाठ, धर्मकर्म, आराधना आदिसँग अन्याय, अत्याचार, कठोर दिल र धर्मको नाउँमा अतिवादी भएर अरूलाई दवाउने प्रवृत्ति येशू र अगमवक्ताहरूको निम्ति पाखण्डीपना थियो। परमेश्वरको वास्तविक आराधनामा गरिब, पिछडिएका, हेपिएका, तिरस्कृत, अभावग्रस्त र दविएकाहरूको निम्ति आवाज उठाउनु र तिनीहरूको सेवा गर्नु जस्ता कार्यहरू पनि पर्दछन्।

## कथा ६
## ओछ्यान मिलाउनु
## किनीआइटोरिया, १८,सोलोमन टापुहरू

किनीआइटोरिया १८ वर्षकी युवती थिइन्। तर सोलोमन टापुहरूको देशमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट बोर्डिङ्ग स्कूलको चर्चमा उनलाई डिकनेस नियुक्त गरिएको थियो। त्यसमा किनी अत्यन्तै खुशी भइन्। उनको आमा पनि डिकेनस थिइन् र उनले डिकनेस हुनेछु भनेर आफूले कहिल्यैपनि सोचेकी थिइनन् रे।

पास्टरले चर्चका आठ डिकनेसहरूलाई छलफलको निम्ति बोलाए। त्यसमा किनीसमेत गरेर चार जना विद्यार्थीहरू थिए  चार जना ठूला महिलाहरू थिए। त्यस सोलोमन टापुहरूमा भएको बेटिकामा एडभेन्टिस्ट कलेजको चर्चमा डिकोनेसहरूले के काम गर्नुपर्छ भनेर तिनीहरूलाई पास्टरले डाकेका थिए। उनले किनी, उनका साथी वेन्डी र अरू डिकनेसहरूलाई के विशेष काम गर्नुपर्छ भनेर सुनाएः होस्टेलमा सबै केटीहरू छन् कि छैनन् भनेर हेर्ने र तिनीहरूको केही समस्या छ भने तिनीहरूलाई सघाउने।

किनी र वेन्डी आफ्नो काममा तुरन्तै लागे। तिनीहरूसँगसँगै होस्टेलमा गए। त्यहाँ एउटा ठूलो कोठा थियो जहाँ ४० जना केटीहरूको निम्ति दुईतले खाटहरू थिए। केटीहरूको निम्ति तन्ना, ओढ्ने र सिरानीहरू छन् कि छैनन् भनेर तिनीहरूले हेरे। केटीहरूसँग लुगा छन् कि छैनन्, कलम कागज आदिहरू छन् कि छैनन् भनेर पनि तिनीहरूले हेरे। कसैलाई केही चाहिएको छ कि भनेर तिनीहरूलाई सोध्दथे। "सञ्चै? स्कूल कस्तो भइरहेको छ" वेन्डीले सोध्दथिन् भने "तिमीलाई केही सहयोग चाहिन्छ?" भनेर किनीले सोध्दथिन्। कतिले लुगाको आवश्यकताको बारेमा कुरा गर्थे भने कतिले कापी कलम खाँचो छ भन्थे।

अनि किनी र वेन्डीले मिट्लिन टोडोङ्गाको ओछ्यान देखे। खाटमा एउटा पातलो ओड्ने राम्रोसँग पट्याएर राखिएको थियो। तिनीहरूको खाट काठहरूका थिए। तर मिटिलनको खाटमा ओछ्यान थिएन। उनी राती त्यही सान्हो खाटमा सुत्दथिन्। उनीसँग तन्ना र सिरानी थिएन।

ती दुई डिकनेसले मिटलिनसँग स्कूलको निम्ति चाहिने सेतो ब्लाउज र लामो कालो शर्ट पनि नभएको देखे। तिनीसँग अरू धेरै आवश्यक सामनहरू

पनि थिएन। यो मिटलिनको पहिलो वर्ष थियो। उनी भर्खरै अर्को स्कूलबाट आएकी थिइन् र उनी सात कक्षामा पढ्दथिन्।

मिटलिनका आमाबाबुहरूले उनलाई आफूहरूले सक्दो सहयोग गरेका थिए। तिनीहरू एडभेन्टिस्ट थिएनन्। आमाले गुलियो बनहरू र अमिलो कागतीको पेयपदार्थ कुरा वा पप्सिकल बनाउँथिन् र बुबाले तिनीहरूलाई बेच्दथे तर तिनीहरूसँग पुग्ने गरि पैसा हुँदैनथ्यो।

किनी र वेन्डीले मिटलिन कुरा गर्न चाहन्थे तर उनी देशको राजधानी होनियाराको एक म्युजियममा स्कूलको समूहमा गीत वा क्वायरमा भाग लिन गइन् भनेर अरू केटीहरूले सुनाए।

अनि अरू केटीहरूले मिटलिनको बारेमा अरू केही भने जसले किनीलाई दुःखी बनायो। गरिब घरबाट मिटलिन आएकीले केही केटीहरूले उनलाई जिस्काउँथे र उनी राती रुँन्थिन् । जब मिटलिन होस्टेलमा देखिन्थिन् तब अरू केटीहरूले उनलाई जिस्क्याउँथे।

"उनीसँग ओछ्यान पनि छैन" एक जनाले भनिन्। "सबैसँग ओछ्यान छ उनी यहाँ किन आइन् त?" अर्किले भनिन्। किनी र वेन्डी पास्टरकहाँ गए र उनीसँग मिटिलिनको बारेमा सुनाए।

"ल हामी गएर ओछ्यान र लुगाहरू ल्याऔं" पास्टरले भने। तिनीहरू तिनै जना सहरमा गए। तिनीहरूले दुई इन्च बाक्लो ओछ्यान किने। अब मिटलिनसँग नरम राम्रो ओछ्यान हुनेभएको थियो। तिनीहरूले खैरो तन्ना र फूलै फूल भएको तन्ना पनि किने त्यसको साथै एउटा सिरानी र सिरानीको खोल पनि किने। उनको निम्ति सेतो ब्लाउज र कालो शर्ट, अनि लेख्ने कागज, कलम, साबुन, मञ्जन र टुथब्रश पनि तिनीहरूले किने।

होस्टेलमाल गएर किनी र वेन्डीले मिटलिनको निम्ति ओछ्यान बनाए अनि लुगा र अरू ओछ्यानमाथि राखे। त्यो काम सकेपछि पास्टरलाई आफ्नो काम सकेको तिनीहरूले सुनाए।

त्यस दिन बेलुका जब मिटलिन गीत गाएर सहरबाट होस्टेल फर्किन् तब आफ्नो ओछ्यानमा ती थोकहरू देखेर तिनले अत्यन्तै अचम्म मानिन्।
"हैन, यो ओछ्यान कस्को हो?" उनले अरू केटीहरूलाई सोधिन्। "यो तिम्रै हो" एकजनाले जवाफ दिइन्। "कसैले तिम्रो निम्ति किनील्यायो" अर्कोले भनिन्। "मेरो निम्ति यी सब कसले किनेर ल्यायो?" उनले सोधिन्। " किनी

र वेन्डीले तिम्रो निम्ति ओछ्यान र अरू थोकहरू किनेर ल्याए" एक जना केटीले जवाफ दिइन्।

त्यस दिन बेलुका जब किनी होस्टेलमा आइन् मिटलिन् रुँदै उनीकहाँ आइन्। "मेरो निम्ति ओछ्यान र लुगाहरू किनिने छ भनेर मैले कहिल्यै पनि सोचेकी थिइन। यो कति राम्रो सामानहरू! तपाईंले मेरो निम्ति ठूलो काम गर्नुभयो। तपाईंले के गर्नुभयो यो कुरा मेरा बुबाले थाहा पाउनुभयो भने उहाँ असाध्ये खुशी हुनुहुनेछ।

मिटलिनको खुशियाली देखेर किनी पनि धेरै खुशी भइन्। अभावमा परेकाहरूको लागि सहयोग गर्ने परमेश्वरको योजना रहेछ भनेर उनले बुझिन्। "ठिकै छ। अरूलाई सहयोग गर्ने काम परमेश्वरको हो" मिटलिनलाई अङ्गालो मार्दै भनिन्।